# शिक्षा लेख संगालो

*(आमसञ्चार माध्यमहरूको प्रयोगको लागि मात्र ।)*

**वर्ष १, अंक ३, २०५९ जेष्ठ (May - June, 2002)**

## यस अंकमा


१) ऐन विपरीत शुल्क असुली जारी

२) अनुदान कटौतीको मारमा परेका विद्यालयहरू

३) छायामा परेको अन्तर्राष्ट्रिय अभियान

४) श्यामुटुडुको कथा र सतार जातिको व्यथा

५) शिक्षक सेवा आयोगका चुनौती


*शिक्षा क्षेत्रमा केही समय यता विचार र समाचारको प्रवाह तीव्र रुपमा भइरहेको छ । संचार माध्यमहरू शिक्षा क्षेत्रलाई अरु क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् । यो अवस्थामा पनि स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ । शिक्षा पत्रकार समूहले यही अभावलाई महसुस गरेर पत्रपत्रिका र अन्य संचार माध्यमलाई निरन्तर रुपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सगालो उपलब्ध गराउने अभियान थालेको हो । विभिन्न संचार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रुपमा सक्रिय पत्रकारहरू मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ । हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनु भयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं । यस सगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ । प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यावसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ । स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ । फिचर प्रकाशनमा एक्सन एड, नेपालले सहयोग गरेको छ ।*

**सम्पादन : राजन शर्मा**

*पत्राचारका लागि हाम्रो ठेगाना*

**शिक्षा पत्रकार समूह**
**पो.ब.नं. २१८४३, फोन/फ्याक्स २५७६५५**
**अनामनगर, काठमाडौं ।**
इमेल : ejg@ntc.net.np

# ऐन विपरीत शुल्क असुली जारी

**पदम गौतम**

शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा क्षेत्रमा देखिएका विकृति, बिसंगतिको तात्कालीक समाधानका लागि शिक्षा (सातौं संशोधन) ऐनलाई जुन महत्वका साथ अगाडि बढायो, त्यस ढंगले ऐनको भावना अनुरुप पुर्नव्यवस्थित गर्ने नियम विनियम प्रस्तुत गर्न सकेको छैन ।

शिक्षा विभागले क्षेत्रीय शिक्षा निर्देशनालय एंव जिल्ला शिक्षा कार्यालयलाई सूचना जारी गर्दै ऐनको व्यवस्था अनुरुप सरकारी एंव निजी विद्यालयले विद्यार्थीबाट शुल्क उठाउने हदलाई पुनर्व्याख्या गर्ने कोशिस गऱ्यो । संस्थागत नाम दिइएका निजी विद्यालयलाई विगतमा झै मनोमानीपूर्ण ढंगले रकम उठाउन रोक लगाउन जारी गरिएको उक्त सूचनामा कुनै विद्यार्थीबाट आफनै विद्यालयमा माथिल्लो कक्षामा अध्ययन गर्दा भर्ना शुल्क तथा विद्यालयको भौतिक संरचनाको लागि शुल्क लिन नपाईने स्पष्ट पारियो । यसका अलावा गत वर्षको शुल्कमा बृद्धि गर्न नपाइने कुरा समेत सूचनामा उल्लेख छ ।

शिक्षा नियमावली जारी नहुन्जेलको लागि जारी गरेको भनिएको उक्त सूचना सार्वजनिक भएको लगत्तै निजी तथा आवासीय विद्यालय अर्गनाईजेसन (प्याब्सन) को बैठक बसी आफै नियममा बस्ने र संगठनले समेत अनियमितताको विषयमा निरीक्षण गर्ने निर्णय गऱ्यो । यद्यपि प्याब्सनको निर्णयको अवज्ञा गर्दै उपत्यका भित्र र बाहिरका संस्थागत विद्यालयहरूले आफनो पुरानो रबैयामात्र दोहोऱ्याएनन्, अभिभावकबाट नियम विपरीत शुल्क लिएर शिक्षा प्रशासनको निर्देशनको धज्जी उडाए । तर विद्यार्थी, अभिभावक तथा आम सञ्चारले सशक्त आवाज उठाएपछि शिक्षा मन्त्रालयले अनुगमन समिति गठन गरेको छ । शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता युवराज पाण्डे नियम मिचेर शुल्क लिने विद्यालयहरू कारवाहीमा पर्ने ठोकुवा गर्नुहुन्छ । तर आम अभिभावक प्रवक्ता पाण्डेको भनाईलाई विश्वास गर्न तयार छैनन् । अभिभावक संघ, नेपालका अध्यक्ष सुप्रभात भण्डारी भन्नुहुन्छ  यो पनि विगतका कार्यदल र समिति जस्तो मात्रै हो ।

निजी विद्यालयहरूको व्यापारिकरण नया समस्या हैन । कक्षैपिच्छेको भर्ना शुल्क, चर्को मासिक शुल्क, अनुदान र असान्दर्भिक भौतिक शुल्कहरू उठाइनु  निजी' शब्दको नियति बनेको थियो । त्यसो त गत वर्ष मात्रै माओवादी निकट अखिल (क्रान्तिकारी) ले निजी विद्यालय एंव सरकारी विद्यालयहरूमा विभिन्न विषयलाई मुद्दा बनाएर हिंसात्मक आन्दोलन गरेको लगत्तै निजी विद्यालयको शुल्क निर्धारणलाई नियमन गर्न एक समिति गठन गरिएको थियो । मन्त्रालयका सहसचिव हरिवोल खनालको संयोजकत्वमा गठित उक्त समितिको प्रतिवेदन अंशतः पनि कार्यान्वयन भएन । समितिले निजी विद्यालयको सुबिधाका आधारमा शुल्कका सीमा तोकिदिने सिफरिस सहितको प्रतिवेदन तयार गरी मन्त्रालयलाई दिएको थियो । विद्यालयको वर्गीकरण गर्ने मापदण्ड कार्यान्वयन नभएका कारण निजी विद्यालयको शुल्क निर्धारणमा पनि अन्यौल भएको सम्बद्ध व्यक्तिहरू औल्याउछन् । प्रवक्ता पाण्डे मन्त्रालयले हाल जारीगरेको सुचना नियमावली जारी नहुन्जेलको लागि मात्रै भएको बताउनुहुन्छ । हामीले ऐनको मर्म र नियमावलीको आशय बमोजिम सुचना जारी गरेका हौ । यसले निजी विद्यालयलाई एउटा आकारमा ल्याउन मद्दत गर्छ'  प्रवक्ता पाण्डेले दावी गर्नु भयो ।

ऐनमा व्यवस्था भएका जिल्ला शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति तुरुन्तै गठन गर्ने, ऐनले निषेध गरेका कुनै पनि शुल्क उठाउन नदिने र उठाइएको पाएमा त्यस्तो रकमलाई मासिक शुल्कमा समायोजन गर्ने व्यबस्था मिलाउने तथा ऐन विपरित कार्य गर्नेहरूलाई कारवाही गर्ने निर्देशन मन्त्रालयद्वारा वैशाखको दोस्रो सातामै जारी सूचनामा दिइएको छ । यसले मात्रै विद्यालयहरूलाई राम्रो बाटोमा ल्याउन सक्ला त ? प्रश्न अझै जीवीत नै छ । किनभने ऐनले निषेध गरेका शीर्षकमा निजी विद्यालयले शुल्क उठाइसकेका छन । प्याब्सनको छातामुनि रहेका विद्यालयमा पनि चोरबाटोबाट रकम उठाउने क्रम जारी छ । यस्ता विद्यालयहरूले भर्ना शुल्कका ठाउमा वार्षिक शुल्क र भौतिक साधन वापतको शुल्कका ठाउमा धरौटी शुल्क किन लिने गरेका छन् ? प्याब्सनका महासचिब भोजबहादुर शाह भन्नुहुन्छ  कुनै शुल्क नै नलिइकन त हामी शिक्षा दिन नै सक्दैनौ । बरु अर्ध शुल्क र भौतिक साम्रगी शुल्क नलिन हामीले निर्देशन जारी गरेका छौ' । गत वर्ष घटाइएको शुल्क यथावत पार्ने बाहेक बढी रकम उठाउन प्याब्सन अन्तर्गत कुनै पनि विद्यालयलाई अनुमति नदिइएको शाहको दावी छ । तर उहाले भने जस्तो न

त निजी विद्यालयले भर्ना शुल्क घटाएका छन् , न त यस कुरालाई अभिभावकहरू विश्वास नै गर्छन् । शिक्षा ऐन जारी भएको महिनौसम्म ऐनको भावना अनुरुपको नियमावली जारी गर्न सरकारले सकेको छैन । नया शैक्षिक सत्रको आरम्भदेखि नै निजी विद्यालयलाई नियममा ल्याउनुपर्नेमा सरकारले विलम्ब गरिरहेको छ । यसलाई शैक्षिक माफियाको प्रभावका रुपमा समेत व्याख्या गरिदैछ । अभिभावक र सर्वसाधारणहरू हालको अनुगमन समिति समेत विगतमा झै अर्थहीन बन्ने बताउछन् । अर्थात् सरकार औपचारिक भाषा बोल्ने र मूकदर्शक बन्ने कार्यभन्दा माथि उठ्न सक्ने अवस्थामा छैन ।

अभिभावक संघका अध्यक्ष भण्डारीको दाबी छ धरौटी रकमको ब्याज समेत हिसाव गर्ने समय आएको छ । हामी अव कडा रुपमा प्रस्तुत हुन्छौ । निजी विद्यालय सम्बन्धमा विद्यार्थी, अभिभावक र समग्रका राष्ट्रकै विचार एउटै भएको समयमा सरकारले एनेको नया भावना अनुरुप यसै वर्ष निजी विद्यालयलाई एउटा आकारमा ढाल्न नसकेमा फेरी तोडफोड र आगजनी निम्त्याउने निश्चित छ । मन्त्रालयले काम गर्ने जागर देखाउला कि ? आशा गर्ने समय चाहि बाकी छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# अनुदान कटौतीको मारमा परेका विद्यालयहरू

**भूपराज खड्का**

खोटाङ डाडागाउ गाविसको अनुदानवाट सञ्चालित चार वटा प्राथमिक विद्यालय अहिले बन्दहुने अवस्थामा पुगेका छन् । गाविसभित्र एक उच्च मावि र तीनवटा प्राथमिक विद्यालय रहे पनि गाविस अनुदानवाट वडा नं. १, ३, ५ र ९ मा सञ्चालित प्राथमिक विद्यालयको लागि एक/एकजना शिक्षकको तलव दिने व्यवस्था गरिएको थियो । गाविसको अनुदान बाहेक विद्यालयको अर्को आम्दानीको स्रोत छैन । वडावासीले जनश्रमदानमा विद्यालय भवन बनाए । अनुदान कटौती गरिएको कारण देखाई गाविसले तलव नदिने घोषणा सहितको परिपत्र गरेपछि शैक्षिकसत्रको अन्तमा आएर विद्यालय सञ्चालन गर्ने कि नगर्ने भन्ने अन्यौल सिर्जना भएको छ । स्वंय सेवकका रुपमा पढाउन शिक्षकलाई अनुरोध गर्नु सिवाय हाम्रो कुनै विकल्प छैन' साक्षरता प्रावि ओखरवोटे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भीम खत्री भन्छन् ।

गाविसले पवित्रा प्रा.वि मझौ, समाजसेवा प्रा.वि नाली, साक्षरता प्रावि ओखरवोटे र शितला प्रा.वि लौहकिल प्रत्येकलाई दिइआएको मासिक एक हजार दरको अनुदान नदिने परिपत्र गरेपछि विद्यालय बन्दहुने अवस्थामा पुगेका छन् । गाविसले शिक्षक दिने आश्वासन पाएपछि विद्यालय स्थापना गरियो । जिल्ला शिक्षाले अनुमति पनि दियो । तर अहिले विद्यालय बन्दहुने अवस्थामा पुग्दैछन्' पवित्रा प्रा.वि मझौका शिक्षक सुवास राई भन्छन् । गाविसले पैसा नदिने हो भने जनतासग पनि पैसा छैन विद्यालय बन्द हुन्छ', खोटाङकै बतासे गाविसको अनुदानवाट सञ्चालित दुइवटा प्रावि बन्दगर्ने निर्णय गरिसकेको कुरा उपाध्यक्ष राम दंगालले जानकारी दिए । जनताद्वारा निर्मित भवनलाई गाविसको बजेटवाट छानो हालिदिएको कुरा डाडागाउ गाविस अध्यक्ष चक्र रोका बताउछन् । गाविस अनुदानबाट सञ्चालित त्यस इलाकाको एक मात्र उच्चमाध्यमिक विद्यालय महेन्द्रोदय उच्च मावि बन्द हुने अवस्थामा पुगेको छ । उच्च मावि बन्दहुने अवस्था भए पनि पढाइराखेका शिक्षकहरूलाई तलव दिने आश्वासन भने दिदैछौ ? वडा न. ५ का वडा अध्यक्ष भीम बहादुर खत्री भन्छन् । खोटाङकै रतन्छा, टंकबारी प्रावि, मायस्खा र भञ्ज्याङ्ग चौतारा प्रावि लगायत दर्जनौं विद्यालयहरूको अवस्था पनि उस्तै छ ।

डिकुवा गाउ विकास समितिको अनुदानवाट सञ्चालित ४ वटा प्रस्तावित प्राथमिक विद्यालयहरूलाई साउन सम्म त्यसै पढाउन भनिएको छ । र, अर्को वजेट आएपछि बाकी तलव एकमुष्ट उपलब्ध गराउने परिपत्र गाविसले गरेको छ ।

जिल्ला शिक्षा कार्यालय, खोटाङका अनुसार, गाविस अनुदान र स्थानीय श्रोतवाट सञ्चालन गर्ने गरी ८९ वटा प्राविहरूलाई सञ्चालन अनुमति दिइएको थियो। शिक्षा कार्यलयले कुनैपनि खालको अनुदान उपलब्ध गराएको छैन। तर विद्यालय प्रशासन शाखामा अनुदान कटौती भएको तीन महिना सम्म विद्यालय बन्द गरेको कुनै पनि सुचना पुगेको छैन। अधिकांश विद्यालयहरूमा ४० देखि १४५ सम्म विद्यार्थी रहेको र तीनको लागि पाठ्यपुस्तकहरू भने स्रोत केन्द्र मार्फत वितरण गरिएको छ।

सरकारले गाविसलाई दिदै आएको ५ लाख अनुदानको ५० प्रतिशत कटौतीले नेपाल अधिराज्यभरका करिव १५ सय विद्यालयलाई असर परेको छ। सरकारले दिने अनुदानबाट जिल्ला विकास समितिको १० प्रतिशत नगरपालिकाहरूको १० प्रतिशत, गाविसहरूको भने ५० प्रतिशत बजेट कटौती गर्ने निर्णय गरेको थियो।गाविस महासंघले गरेको दावी अनुसार अनुदान कटौतीले ३५ हजार शिक्षकहरूलाई शैक्षिक सत्रको वीचमा अवकास दिन बाध्य हुने स्थिति आएको छ। महासंघका केन्द्रीय सदस्य घनश्याम खतिवडा अनुदान कटौतीबाट दुर्गम क्षेत्रका गाविसहरू अप्ठेरोमा परेको बताउछन्। महासंघले प्रधानमन्त्री, स्थानीय विकास मन्त्री, शिक्षा मन्त्रीलाई र सभामुखलाई गाविसको अनुदान कटौतीले सयौंदुर्गम क्षेत्रका १५ सय वटा विद्यालयमा ताला लागेको जानकारी गराई सकेको छ।

शिक्षा मन्त्रालयसंग गाविस अनुदानले कति विद्यालय प्रभावित भए र बन्द हुने अवस्थामा छन् भन्ने अद्यावधिक अभिलेख छैन। मन्त्रालयका प्रवक्ता युवराज पाण्डे २०५२ साल देखि एउटा पनि विद्यालय स्विकृति नगरीएको बताउछन। यद्यपि स्थानीय श्रोतवाट सञ्चालित विद्यालयहरू अनुदान कटौतीका कारण बन्द हुन सक्ने आशंका शिक्षा प्रवक्ताको छ।

शिक्षा विभागका उपनिर्देशक रामस्वरुप सिन्हाका अनुसार स्थानीय समुदायले तीन हजार छ सय असीवटा विद्यालय संचालन गरिरहेका छन्। ती विद्यालयमा ५ हजार दुई सय चौरासी जना शिक्षक कार्यरत रहेका छन् भने ४० हजार ५ सय ५६ जना छात्रा र ४९ हजार ५० जना छात्रहरू अध्यनरत रहेका छन।

गाविस महासंघको विरोधपछि स्थानीय विकास मन्त्रालयले अनुदान कटौती प्रतिशत घटाउने सोच राखेको छ। तर कटौती कति कम गर्ने भन्ने निर्णय भई नसकेको स्थानीय विकास मन्त्रालयका प्रवक्ता हरिप्रसाद रिमालले बताए। स्थानीय विकास मन्त्रालयले गाविस महासंघलाई अनुदान कटौती घटाउने आश्वासन दिएपछि महासंघले अधिराज्य भर सर्कुलर जारी गरिसकेको छ। सोही अनुसार गाविसले गाविस अनुदानबाट सञ्चालित विद्यालयलाई निरन्तरता दिने आश्वासन दिन थालेको छन्।

सन २०१५ सम्ममा सवैका लागि शिक्षा' भन्ने अन्तर्राष्ट्रिय अभियानमा सरिक नेपालले विगत सात वर्षमा एउटा पनि विद्यालयलाई स्वीकृति दिएको छैन। कुल जनसंख्याको ५७.६ प्रतिशत मात्र साक्षरता प्रतिशत रहेको मुलुकका लागि साक्षरता अभिवृद्धिमा स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ। त्यस्तो अवस्थामा गाविस अनुदानबाट स्थानीय समुदायले साक्षरतामा बृद्धि गर्ने उद्देश्यले गर्नलागेको प्रयासलाई सोझो असर पर्नेगरी गरिएको अनुदान कटौतीले बल्लतल्ल विद्यालय पुगेका विद्यार्थी फेरि पनि घास दाउरा र गोठालो बन्ने नियति भोग्नुपर्ने भएको छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# छायामा परेको अन्तर्राष्ट्रिय अभियान

**भुवन के.सी.**

धादिङ्ग निलकण्ठ गाविस, साखुकी १० वर्षिया विमला सुनारले अझै पनि विद्यालयको मुख देखेकी छैनन्। भाइ, बहिनीको हेरचाह र घरधन्दा गर्नु उनको नित्यकर्म जस्तै बनेको छ। बुबा आमाले विद्यालय जा' पनि भनेका छैनन्। मैले पनि जान्छु भनेकी छैन' बिमलाले बताइन्।

बिमलाका बाबु आमा दुबै सदरमुकाम धादिङ्गबेंसीमा ज्यामी काम गर्छन्। हालसम्म उनीहरूलाई सबैका लागि शिक्षा' अभियानले छुन सकेको छैन। अभिभावक गोपाल सुनार भन्छन् अरुले पनि तिम्री छोरीलाई विद्यालय पठाऊ भनेका छैनन्। मैले पनि पठाउने सोच बनाएको छैन।'

काडमाडौं गोलढुङ्गा नाखान्टोलका कमल तामाङ १० वर्षका भए। नागार्जुन माध्यामिक विद्यालय उनको घरबाट दश मिनेटकै दूरीमा छ। तर त्यो विद्यालय पुगेर शिक्षा हासिल गर्ने अवसर तमाङ्गले पाएका छैनन्। अभिभावक रुद्र तामाङ भन्छन आर्थिक अवस्था नाजुक छ। साझ विहान छाक टार्न पनि मुस्कील परेकाले छोरालाई विद्यालय पठाएका छैनौ।

विद्यालय जाने उमेर भएपनि विद्यालय जाने अवसर नपाएका बिमला र कमल त उदाहरणमात्र हुन्। सबैका लागि शिक्षा' अभियान संचालन भएको एक दशकभन्दा बढी हुदा पनि अधिराज्यका करिब ३० प्रतिशत बालबालिका विद्यालय जान पाएका छैनन् भने सबै बालबालिकालाई विद्यालय पठाउनु पर्छ भन्ने सन्देश पनि सबै अभिभावकमा पुग्न सकेको छैन। शिक्षाविद् डा.विद्यानाथ कोइराला भन्नुहुन्छ सबैका लागि शिक्षा पुऱ्याउने दायित्व कस्को हो, स्पष्ट हुन नसकेकाले पनि पनि अन्योल रहेको हो।

सन् ११९० मा थाईलाइण्डको जोम्टिनमा सवैका लागि शिक्षा' बिषयक विश्व सम्मेलन भएको थियो। सम्मेलनका सहभागीहरूले सन २००० सम्ममा सबै बालबालिकालाई विद्यालय शिक्षाको पहुच पुऱ्याउने प्रतिबद्धता जाहेर गरेका थिए। जोम्टिन सम्मेलनमा पूर्व शिक्षामन्त्री परशुनारायण चौधरीले भन्नुभयो त्यति वेला नै नेपालले सबै बालबालिकालाई विद्यालय ल्याउने कदम चालिसकेको हुदा सन २००० भित्रमा सबै बालबालिकालाई विद्यालय ल्याउन सकिन्छ भन्ने लागेको थियो। तर अहिले चौधरीको अनुमान गलत सावित भएको छ।

सन १९९२ मा सवैका लागि शिक्षा'लाई दृष्टिगत गरी राष्ट्रिय कार्ययोजना बनाइएको थियो। उक्त योजनामा सन २००० भित्रमा सवै बालबालिकालाई विद्यालय शिक्षाको पहुच पुऱ्याउने, ३४ हजार ८ सय १४ प्रारम्भिक बालविकास केन्द्र खोल्ने र साक्षरता प्रतिशत ७० पुऱ्याउने लक्ष्य राखिएको थियो। तर, निर्धारित समयमा थोरै मात्र उपलब्धी हात लाग्यो। पूर्व शिक्षामन्त्री गोबिन्दराज जोशी भन्नुहुन्छ राष्ट्रिय कार्ययोजना अनुरुप जान नसकेकाले उपलब्धी कम हासिल भएको हो।

नेपालमा सन् १९९० देखि सवैका लागि शिक्षा पुऱ्याउनका लागि पहल नभएको भने होइन। आधारभूत प्राथमिक शिक्षा गुरुयोजनाको तयारी, राष्ट्रिय शिक्षा आयोगको गठन, आठौ पञ्चवर्षीय योजनाको कार्यान्वयन, आधारभूत तथा प्राथामिक शिक्षाको संचालन लगायतका काम गर्दा पनि सबैका लागि शिक्षा' पुऱ्याउन अन्तराष्ट्रिय स्तरमा गरिएको प्रतिबद्धतालाई ध्यान दिइएको थियो।

तर शिक्षा प्रशासनको नेतृत्वमा चाच्चाडो हुने परिवर्तनले सरकारी प्रतिवद्धता कार्यान्वयनमा बाधा पुऱ्यायो। एक दशकको अवधिमा झण्डै एक दर्जन शिक्षामन्त्री भए। डा.कोइराला शिक्षा मन्त्रीको परिबर्तनले पनि सबैका लागि शिक्षा अभियानमा असर पारेको दावी गर्नुहुन्छ। पूर्व निर्धारित समयमा प्रतिवद्धता पूरा नभएपछि सरकारले सन् २००० मा सेनेगलको डकारमा आयोजित सम्मेलनमा सन् २०१५ सम्ममा सबैका लागि शिक्षा' पुऱ्याउने पुनःप्रतिबद्धता जाहेर गरेको छ। तर प्रतिबद्धताको मर्मअनुरुप काम हुन भने सकेको छैन। सन् २००० भित्रमा सबैका लागि शिक्षा बिषयमा राष्ट्रिय कार्य योजना बनाउनु पर्छ। राष्ट्रिय कार्ययोजना बनाउने सिलसिलामा शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायको अध्यक्षतामा सबैका लागि शिक्षा राष्ट्रिय मञ्च, शिक्षा सचिव लवकुमार

देवकोटाको अध्यक्षतामा कोर ग्रुप र ६ वटा विषयमा थिमेटिक ग्रुप बनाइएको छ। यद्यपि ती समूहले जति सक्रियताका साथ काम गर्नुपर्ने थियो, त्यो गर्न सकेका छैनन्। आर्थिक अभावका कारण कछुवा गतिमा काम अघि बढाएका छन्।

डकार सम्मेलनमा उपस्थित दातृ समुदायहरूले अब पैसाको अभावमा कुनैपनि मुलुकका बालबालिका विद्यालय जानवाट बञ्चित रहने छैनन् भनेका थिए। तर त्यो कुरा व्यवहारमा देखिएको छैन। शिक्षामन्त्री उपाध्याय भन्नुहुन्छ  कार्यक्रमको प्रभावकारिता हेरेर दातृसमुदायले सहयोग गर्ने हुन्। हाम्रो आवश्यकता पूरा गर्ने गरी तत्काल सहयोग गरिहाल्ने नहुदा साधन र स्रोतको अभाव खड्कने गरेको छ।

शिक्षाविद् डा शिवराज लोहनीले सवैका लागि शिक्षालाई राष्ट्रिय प्रतिबद्धता हो भनेर अघि बढन नसकेकाले लक्ष्य हासिल गर्नमात्र होइन, सबैका लागि शिक्षा'का बारेमा अधिकांशले जानकारी हासिल गर्न नसकेको बताउनु भयो। राष्ट्रिय प्रतिवद्धता हो भनेर अघि बढ्नका लागि अब बन्ने राष्ट्रिय कार्ययोजनालाई मन्त्री परिषदवाट स्वीकृत गराउनु पर्ने धारणा पनि उहाको छ।

सबैका लागि शिक्षा' अभियान संचालन भएको एक दशक भन्दा बढी हुदा पनि यसबारे जनताले थाहा पाउन सकेका छैनन्। यसबारे अभिभावक शिक्षा संचालन गर्न जरुरी छ। सबै बालबालिकालाई विद्यालय ल्याउनका लागि औपचारिक शिक्षामा गैरसरकारी संस्थालाई पनि सहभागी गराउनुपर्छ'  सामुदायिक विकास प्रबर्तन केन्द्रका अध्यक्ष प्रकाशसिंह अधिकारीले भन्नुभयो।

सन् २०१५ सम्ममा सबै बालबाकिलाई विद्यालय ल्याउनका लागि अभिभावकहरूमाझ आयमुलक कार्यक्रम लानुका साथै प्राथमिक तहसम्मको शिक्षा अनिवार्य गर्नुपर्ने धारणा शिक्षा क्षेत्रसंग सम्बद्ध व्यक्तिहरूको छ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# श्यामुटुडुको कथा र सतार जातिको व्यथा

**अर्जुन खड्का**

मोरङ्ग जिल्लाको सिजुवा गाउ विकास समितिस्थित सरस्वती निम्नमाध्यमिक विद्यालयमा सतार जातिका तीनमात्र विद्यार्थी अध्ययनरत छन्। बीस वर्षअघि त त्यो संख्या एक थियो  मात्र श्यामुटुडु। अहिलेका तीन विद्यार्थी उनकै सन्तान हुन्।

दुई दशकअघि, सतार जातिका एकमात्र विद्यार्थी श्यामुटुडु दुई कक्षामा मात्र होइन, विद्यालयमै प्रथम भएका थिए। तर, दुर्भाग्य उनको पठ्नपाठ्न त्यही सीमित भयो। श्यामुटुडुका बाबु खर्राटुंडुले उनलाई विद्यालय जानबाट रोके। खर्राटुडुको भनाई थियो  हामी (सतार जाति) ले पढेर के गर्ने ? मालिकको काम गर्नैपर्छ। छोरोले पढ्यो भने काम गर्न सक्दैन, अल्छि हुन्छ। त्यसैले स्कुल जान दिन्न।' अहिले त्यही पढनबाट बञ्चित श्यामुटुडुको छोरा बाबुलाल ६ कक्षामा पुगेको छ। तर, उसलाई पनि थाहा छैन  कहा पुगेर अध्ययन रोकिने हो।

शिक्षा क्षेत्रमा जतिसुकै लगानी र नीति तर्जुमा भएपनि त्यस गाउका सतार जातिले शिक्षाको महत्व बारे बुझेको झल्को पाइदैन। विगत दुई दशकमा एक दर्जन जतिले पनि विद्यालय शिक्षा लिएका छैनन्। विद्यालय गएका एकाधले मात्र निम्नमाध्यमिक तह पार गरे। सरस्वती निमाविमा मात्र विद्यार्थी नगएका होइनन्, सो गाविसका अन्य विद्यालयमा पनि दुई दशकमा सतार विद्यार्थी संख्या एक दर्जनभन्दा बढी छैन। प्रवेशिका (एसएलसी) परीक्षामा सामेल हुने त एक दुइजनामात्र छन्। एसएलसी पास गर्न सफल एक मात्र विद्यार्थी सोही गाविसको एक विद्यालयमा अध्यापन गरिरहेका छन्। झण्डै १४ हजार जनसंख्या भएको सिजुवामा सतारको जनसंख्या चार

सयभन्दा बढी छ। सरस्वती निमाविका शिक्षक महानन्द भट्टराईका अनुसार, त्यहा ९९ प्रतिशतको हाराहारीमा सतारहरू निरक्षर छन्।

सिजुवा गाविसको साक्षरता ७० प्रतिशत भन्दा बढी छ। विद्यालय जान बाकी बालबालिकाको संख्या मुश्किलले तीन चार प्रतिशत मात्र छ। अधिकांश गैर सतार जातिका घरमा एसएसली योग्यता भएका व्यक्ति (खासगरी युवा) भेटिन्छ। स्नातकोत्तर र स्नातक गर्नेको संख्या पनि कम छैन। प्रति दश घरमा एक स्नातक भेट्न सकिन्छ। तर, सतार जातिको पीडा कसैले बुझेको छैन। उनीहरू स्वयंले त बुझ्ने कुरै भएन। शिक्षक भट्टराई भन्नुहुन्छ समग्र गाविसमा विद्यालय जाने उमेरका तर विद्यालय नटेकेका तीन चार प्रतिशत बालबालिका पनि सतार, मुसहरलगायतका पिछडिएको वर्गकै हुन्।

प्रजातन्त्र पुर्नस्थापना पछिको स्वतन्त्र वातावरणमा राजनीतिक दलहरूले चेतनाका स्वरहरू धेरै घन्काए। मोरङ्ग क्षेत्र नं. १ को राजनीतिक केन्द्रको रुपमा मानिएको सिजुवामा राजनीतिक चेतनाले पर्याप्त जरो गाड्यो। तर, पिछडिएको वर्गको शिक्षामा सुधार आउन भने सकेन। चुनावी भोट वैंकको रुपमा रहेका छन् सतारहरू। चुनावताका सबै राजनीतिक पार्टीहरूले घरमै धारा (ट्युवेल) गाडिदिनेसमेतका आश्वासन दिने गरेका छन्। र, कतिपय आश्वासन पुरा पनि हुन्छन्' भट्टराईले भन्नुभयो उनीहरूलाई शिक्षित बनाउन कसैको ध्यान गएको छैन। छोराछोरी पढाइ दिन्छु भन्ने कोही छैन। आजसम्म सतारहरूको माग शिक्षा बन्न सकेकै छैन।'

यो कथा श्यामुटुडु र सिजुवाको मात्र होइन। यसले राष्ट्रिय परिस्थिति र तस्वीरको यथार्थ चित्रण गर्दछ। मुलुकभर धेरै श्यामुटुडुहरू छन्। सतार, मुसहरलगायतका पिछडिएका जातिको शिक्षामा पहुच छैन। यही कारण समाजको अन्य क्षेत्रमा पनि उनीहरूको प्रतिनिधित्व न्यून छ। राष्ट्रिय तथ्यांकमा गरिवीको रेखामुनी परेको ४२ प्रतिशतमा अधिकांश त दलितहरूकै बाहुल्य छ। सरकारले हरेक पिछडिएका जाति जनजातिको लागि छात्रवृतिको व्यवस्था गरेको छ। अनेकन गैरसरकारी संघ संस्था पनि शिक्षाको पहुच विस्तारमा लागेका छन्। तर पनि, सतार जातिको साक्षरता पाच प्रतिशतको हाराहारीमा छ। मुसहरको स्थिति त अझ दयनीय छ। त्यस्तै, तराईका पिछडिएका अन्य दलीत एवं उत्पीडित जातिको साक्षरता प्रतिशत अत्यन्त न्यून छ। यसले सामाजिक न्यायमा भएको असन्तुलनको पाटोलाई उजागर गरेको छ।

सरकारी एवं गैर सरकारी क्षेत्रबाट भएको प्रयासले पनि अवस्थामा अपेक्षित सुधार आउन सकेको छैन। शिक्षाविद् डा. विद्यानाथ कोइराला पिछडिएको वर्गमा शिक्षाको विस्तार गर्न कनै मेकानिज्म' को विकास नहुनु नै समस्याको कारक रहेको बताउनु हुन्छ। सुधारको लागि राजनीतिक तहको परिचालन हुनुपर्छ' उहाले आफ्नो मान्यता पोख्नुभयो। उहा विचारमा राजनीतिक परिचालनको साथै प्रशासनिक, गैरसरकारी निकाय र स्थानीय बुद्धिजीवी परिचालन एवं सक्रियता बढाउन र सुव्यवस्थित गर्न आवश्यक छ।

विद्यालय प्रथम हुने ल्याकत भएर पनि बीचैमा पढाइ छाड्न वाध्य श्यामुटुडुबाट पनि निकै कुरा सिक्न सकिन्छ। धेरै सकारात्मक संकेत देखिएका छन्। उनले थोरै भएपनि पढ्न पाएकोले आफना छोरा छोरीलाई विद्यालय पठाएका छन्। श्यामुटुडुले शिक्षाको महत्वलाई थोरै बुझ्ने मौका पाएकोले उनले ले सन्ततिलाई विद्यालय पठाउने निधो गरेका हुन्। तर, साझ विहान पेट पाल्ने समस्यामा गुज्रिएका श्यामुटुडुहरूको पठनपाठन कहा पुगेर राकिने हो, भन्न सकिन्न।

शिक्षामा दलित र पिछडिएका जातिको पहुच नपुग्नुको प्रमुख कारण आर्थिक विपन्नता हो। दलित एवं पिछडिएका जातिमा ९० प्रतिशत भन्दा बढी विपन्न रहेको स्थिति छ। विद्यालय खोल्दैमा सवै पढ्न आउछन् भन्ने पनि छैन। यो प्रमाणित पनि भइसकेको छ। डा. कोइराला यो स्थिति अन्त्य गर्न लक्षित वर्गमा आर्थिक सुधारको कार्यक्रम पनि साथसाथै लैजानु आवश्यक ठान्नुहुन्छ।

*शिक्षा लेख सगालो/शिक्षा पत्रकार समूह*

# शिक्षक सेवा आयोगका चुनौती

**प्रकाश सिलवाल**

गुणस्तरीय शिक्षाका लागि अनिवार्य शर्त मानिएको शिक्षण अनुमति पत्रको व्यबस्था लागु गर्नुपर्ने मुख्य चुनौति सहित गठित राष्ट्रिय शिक्षक सेवा आयोगसामु विगत ६ बर्षदेखि नतिजा प्रकाशनको सूचीमा रहेका ८४ हजार शिक्षकको लाम पनि छ। संसद्को बीसौं अधिबेशनबाट पारित शिक्षा ऐन २०२८ (सातौं संशोधन) को व्यबस्था अनुसार गठित शिक्षक सेवा आयोगले नै ती सम्पूर्ण परिणाम प्रकाशन गर्नुपर्ने छ। र, पाच वर्षभित्र क्रमशः सबै शिक्षकलाई शिक्षण अनुमति पत्र दिलाउनुपर्ने छ।

सरकारले गत महिना आयोगको अध्यक्षमा पूर्व जलस्रोत सचिव विश्वनाथ सापकोटालाई र सदस्यमा विशनदत्त भट्ट र रामवृक्ष साहूलाई नियुक्त गरेको छ। आयोगका पदाधिकारी चयन गर्न नै दुई महिना लाग्नु र ऐन पारित भएको झण्डै ६ महिना पुग्दा पनि आयोगको कार्यविधि व्यवस्थित गर्न नियमावली नआउनुलाई शिक्षा क्षेत्रसग सम्बद्ध विज्ञहरूले शुभसंकेतका रुपमा लिएका छैनन। आयोगका सदस्य सचिव लवप्रसाद त्रिपाठीको तीन महिने काजपनि समाप्त भएको छ। नेतृत्वकै नियुक्तिको ढिलाई भएकाले तयार भइसकेको स्थायी शिक्षक नतिजको पोको फुक्न सकेको छैन। गठन पछिको दुई साता वित्दा पनि आयोगले कुनै कार्यारम्भ गरेको छैन। "हामीहरू सम्पूर्ण ऐन, नियम अध्ययनमै व्यस्त छौ।" अध्यक्ष सापकोटा भन्नुहुन्छ।

शिक्षा विभागका निर्देशक समेत रहनु भएका त्रिपाठी स्थायी शिक्षक नियुक्तिका लागिसमयमा नतिजा प्रकाशनको सम्पुर्ण प्रक्रृया पूरा भैसकेको वताउनुहुन्छ। तत्कालिन शिक्षामन्त्री गोबिन्दराज जोशीले शिक्षा नियमावलीमा पाचौ संशोधन गराई न्यूनतम ३५ अंक ल्याउने सबैलाई लिखित परीक्षामा उतीर्ण गराउने निर्णय गर्नु भएको थियो। जोशीको निर्णयमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णयमा सर्बोच्च अदालतको फैसलापछि शिक्षा तथा खेलकूद मन्त्रालयले नतिजा प्रकाशन प्रकृया पुनः आरम्भ गर्न वाध्य भएको हो।

शिक्षकको परीक्षा लिने परिणाम प्रकाशन गर्ने, सरुवा, बढुवा मात्र नभई अध्यापन अनुमतिपत्र र त्यस्तो अनुमति प्राप्त गर्न नसक्ने शिक्षकलाई अवकाश दिने आधार एवं प्रावधानहरूको अधिकार समेत पाएको आयोगले आफ्नो छवि कस्तो रुपमा प्रस्तुत गर्ला, प्रतिक्षाको विषय बनेको छ। शिक्षण अनुमतिपत्र शिक्षक संघ/संगठनहरूले उठाउदै आएको बिषय भएपनि लामो समय शिक्षक भएर कार्यरतहरूलाई पनि अनुमति पत्र लिनका लागि एउटै प्रक्रियामा राख्दा उनीहरूको अपमान हुने बताएका छन्। शिक्षामा स्पष्ट सरकारी सोच नहुदा यस्तो समस्या भविष्यमा पनि जारी रहने धारणा पूर्वमन्त्री देवीप्रसाद ओझाको छ।

शिक्षा मन्त्रालयले हालै तयार गरेको एवं कानुनबाट सुझाव सहित मन्त्रिमण्डलमा पुगेको संशोधित राष्ट्रिय शिक्षक सेवा आयोग नियमावली,२०५७ को मस्यौदामा शिक्षण अनुमतिपत्र दिलाउने आधार अन्तर्वार्ता मात्रै गराइएकोमा शिक्षाविद्हरूले आपत्ति जनाएका छन्। गत वर्षको जेठ महिनामा गठित उच्चस्तरीय शिक्षा कार्यदलको प्रतिवेदनको सुझाव र पारित ऐन अनुसार शिक्षण अनुमतिपत्र प्रदान गर्न सम्पूर्ण जिम्मेवारी आयोग मातहत हुने उल्लेख छ। संशोधित नियमावलीमा लिखित एवं प्रयोगात्मक परीक्षाबिना अन्तर्वार्ताकै भरमा अनुमतिपत्र प्रदानको व्यबस्था गरिदा शैक्षिक गुणस्तर खस्कने धारणा बिज्ञहरूको छ।

शिक्षाबिद् डा.मनप्रसाद वाग्ले सरकारले शिक्षण अनुमतिपत्रको अबधारणा नै नबुझेको टिप्पणी गर्नुहुन्छ। उच्चस्तरीय शिक्षा कार्यदलका सदस्य समेत रहिसक्नुभएका प्राध्यापक डा. वाग्लेले ऐनमा व्यवस्था शिक्षण अनुमतिपत्रले गुणस्तरीय शिक्षाको विकासमा सकारात्क टेवा पुऱ्याउने स्थितिलाई शिक्षा मन्त्रालयले उपेक्षा गरेको गुनासो गर्दै भन्नुभयो स्थायी/ अस्थायी सबै शिक्षकलाई कसरी अनुमति पत्र वितरण गराइने हो भन्नेमा नियमावली मौन छ।' नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव रमाकान्त सापकोटा पनि संशोधित नियमावलीले पुराना र अनुभवी शिक्षकको अपमान गरेको धारणा राख्नु हुन्छ।

सेरिडका निर्देशक डा. हदयरत्न बज्राचार्यले संशोधित शिक्षक सेवा आयोग सम्बन्धी नियमावलीको मस्यौदाले भनेजस्तो अनिवार्य तालिम र अन्तर्वार्ता उत्तीर्ण गराएर मात्रै अनुमति पत्र दिलाउन वर्तमान स्रोत, साधन र

नीतिहरू अपर्याप्त भएको दाबी गर्नुहुन्छ । शिक्षा मन्त्रालयका प्रवक्ता युवराज पाण्डे राष्ट्रिय शिक्षक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०५८ ले शिक्षा ऐनको मर्म र गुणस्तरीय शिक्षालाई आत्मसात गर्न सक्ने दाबी गर्नु हुन्छ । आयोग गठन पछि नतिजा प्रकाशित गर्ने तयारी गरिएको ८४ हजार शिक्षकको नतिजा नया व्यवस्थाका सन्दर्भमा कति उचित ठहर्ला ? भन्ने प्रश्नमा पाण्डे उनीहरूलाई पनि तालिम दिएर अनुमतिपत्र प्रदान गरिने बताउनुहुन्छ । यद्यपि शिक्षा ऐनले शिक्षण अनुमति पत्र पाएका व्यक्तिलाई मात्र शिक्षक नियुक्ति गर्न सक्ने प्रावधान राखेको छ ।

आयोग स्वतन्त्र, निस्पक्ष र शक्तिशाली बनाउनु अहिलेको खाचो हो' पूर्व शिक्षा सचिव जयराम गिरी आफू योग्य भएपनि आयोगमा बस्न असहमत भएको बताउदै भन्नुहुन्छ शिक्षक जस्तो प्राज्ञिक पेशालाई राजनीतिक भर्ती केन्द्र बनाइएने परम्परालाई आयोगले नियन्त्रण गर्न सक्नुपर्छ । आयोगले मन्त्रालय, विभाग र शिक्षा कार्यालयलाई नियम अनुसार हिडाउनसक्नुपर्छ । बरु एउटा गाविसलाई शिक्षक नियुक्तिको अधिकार दिने हो भने राम्रो हुन्छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*